# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधप्रबन्ध **सिक्किम र दार्जिलिङ क्षेत्रका मगरहरूका लोकवार्ताको प्रतीकपरक अध्ययन** विषयमा केन्द्रित रहेको छ। यसको एउटा उद्देश्य विद्यावारिधि (पिएच डि) प्राप्त गर्नु हो। सन् २००७ मा एम फिल तहको अध्ययनमा मैले 'मगर जाति र मगर भाषा: एक अध्ययन' शीर्षकमा लघु शोध प्रबन्ध तयार पारेको थिएँ। त्यस समय विद्यावारिधि नै गर्ने विचारले यस विषयको थालनी गरेको थिइनँ। पछिबाट सन २०१२ मा लोकवार्ता विषयलाई लिएर शोध गर्ने क्रममा प्रस्तावना तयार गरिँदा विभागबाट **सिक्किम र दार्जिलिङ क्षेत्रका मगरहरूका लोकवार्ताको प्रतीकपरक अध्ययन** शीर्षकमा शोध गर्ने सुझाउ  प्राप्त भएको हो।

यस शोधकार्यलाई यस रूपमा प्रस्तुत गर्नमा मलाई धेरैजना महानुभवहरूको सल्लाह, सुझाउ र सहयोग प्राप्त भएको छ। उहाँहरूलाई म यहाँ कृतज्ञतासहित सम्झनँ चाहन्छु। विशेषत: यो शोध थाल्न अघि र थालिसकेपछि आफ्ना समय दिएर मलाई यस प्राज्ञिक लेखनमा मार्ग निर्देशन गर्नु हुने मेरा गुरु डा पुष्कर पराजुलीप्रति म ऋणी छु। शोध निर्देशनका क्रममा उहाँले मलाई शोधप्रतिको जिम्मावारी, शोधार्थीको दायित्व र शोधको लक्ष्यसम्बन्धी उचित परामर्श र प्रोत्साहन दिनु भएको छ। यसका साथै मेरो शोध लेखनमा आइपरेका विभिन्न अप्ठ्यारा समस्याहरूको समाधान गर्ने क्रममा सूत्रहरू बताइदिनु भएर मेरा कमजोरी सुधार्ने मौका दिनु भएकोमा उहाँप्रति हार्दिक कृतज्ञता जाहेर गर्दछु।

शोधकार्यको थालनीमा शोधको सीमाङ्कन र शोधसम्बन्धी सर-सल्लाह, सुझाउ दिनु हुने विभागका प्राज्ञ गुरुवरद्वय प्रो घनश्याम नेपाल अनि प्रो मोहन पी दाहालप्रति म कृतज्ञता प्रकट गर्दछु। यसरी नै शोधसम्बन्धी भेटघाटमा सदैव हुटहुटी लगाउनु हुने गुरुद्वय डा कृष्णराज घतानी अनि प्रो सञ्जय बान्तवाप्रति कृतज्ञता प्रकट गर्दछु। यसका साथै विभिन्न सहयोगका लागि विभागका उप-प्राध्यापकद्वय डा डप छिरिङ लेप्चा अनि श्रीमती कृष्णमाया मगरलाई पनि यहाँ सम्झेको छु।

विश्वविद्यालयबाहिर यस विषयमाथि शोध गर्ने सल्लाह दिनु हुने आदरणीय (स्व) कुमार प्रधान सरलाई पनि यहाँ सम्झन चाहन्छु। उहाँले सिक्किम र दार्जिलिङ क्षेत्रका जाति र मौखिक इतिहासमाथि काम गर्ने सल्लाह दिइरहनु हुन्थ्यो। यसरी नै प्रो बी के राना, हार्वार्ड विश्वविद्यालय, प्रो जी के लामा, काशी हिन्दू विश्वविद्यालय, प्रो दिवाकार प्रधान, काशी हिन्दू विश्वविद्यालय, प्रा बलराम पान्डे, सिक्किम विश्वविद्यालय, प्रा सञ्जय विष्ट, प्रा योगेश खाति, डा दिलकुमार प्रधान, गुरुमा  डा रिञ्जी इडेन वाङ्दी, प्रा साङ्गे डोमा डुक्पा, डा रागिनी थापा, डा रेमिका थापाप्रति उहाँहरूले मलाई यस शोधकार्यमा पुस्तक, पत्रपत्रिका र जर्नलहरू उपलब्ध गराउनु भयो त्यसका निम्ति म  आभार व्यक्त गर्दछु।

यो शोध विशेषत: सिक्किम र दार्जिलिङ क्षेत्रका मगरहरूका लोकवार्तासम्बन्धी अध्ययन भएको हुनाले दुवै ठाउँका क्षेत्रकार्यको सर्वेक्षण गरेर अध्ययन र विश्लेषण गर्नु मेरा निम्ति निकै चुनौतिपूर्ण थियो। यस्ता कार्यमा मलाई धेरैजना पाका, विषयका ज्ञाता र अनुभवी अग्रज साथै अनुज साथीहरूले झर्को नमानीकन सहयोग पुऱ्याउनु भएको छ। उहाँहरूले यस शोधकार्यमा सूचक (शोध

सहयोगी/सहभागी) का रूपमा रहेर मलाई ठुलो गुण लगाउनु भएको छ। पश्चिम सिक्किम, सुल्डुङ निवासी श्री मानधोज आले मगर, श्री नरबहादुर मगर, श्री के बी थापा मगर, श्री सन्तोष आले मगर, श्री सुरेन थापा मगर, श्री गोर्खा थापा मगर, श्री किसन छेत्री जसले मलाई धेरै सामग्रीहरू सङ्कलन गर्न पश्चिम सिक्किमको सुल्डुङ बस्तीका घर-घर घुमाउनु भएको थियो। यसरी नै दक्षिण सिक्किमका आसाङथाङका श्री कमल थापा मगर, नरबहादुर दर्लामी मगर, पूर्व सिक्किम गान्तोकका विष्णु राना, जसले मलाई शोध सामग्रीहरू पठाइदिएर सहयोग गर्नु भएको छ, दार्जिलिङ, सिटोङका श्री बी बी मगर, श्री गिरीराम मगर, श्री रतन थापा जसले सिटोङ बस्तीमा बसेर मगर लोकवार्ताबारे अध्ययन गर्ने प्रबन्ध मिलाइदिनु भएको थियो, दार्जिलिङ मगर सङ्घ भारतका सदस्यहरू श्री रबिन राना, श्री सन्तोष राना मगर, श्री अमिट थापा मगर, श्री अजय थापा मगर, श्री शङ्कर राना मगर, श्री दीपक थापा मगर, श्री ज्ञानेन्द्र थापा, श्री मनीष राना, श्री राजेश थापा मगर आदिप्रति कृतज्ञता प्रकट गर्दछु।

यस शोधकार्यमा विशेषतः उत्तर बङ्ग विश्वविद्यालयको केन्द्रीय पुस्तकालय, काशी हिन्दू विश्वविद्यालयको पुस्तकालय, सोनादा ग्रामीण पुस्तकालय, जिल्ला पुस्तकालय दार्जिलिङ, कालिपद घोष तराई महाविद्यालयको पुस्तकालय, साउथफिल्ड महाविद्यालयको पुस्तकालयबाट सहयोग प्राप्त भएको छ। यी सबै पुस्तकालयका अधिकारी र कर्मीबन्धुहरूलाई सम्झनामा राखी धन्यवाद प्रकट गर्दछु।

शोध लेखनका क्रममा लोकवार्तासम्बन्धी पुस्तकहरू फोटो कपी अनि बाइन्डिङ गरी उपलब्ध गराउनु हुने दाइ टेकबहादुर छेत्री, सिक्किम, अनि भाइ रूपेश राई, मैसुरलाई विशेष धन्यवाद प्रकट गर्दछु। उसरी नै मगर जातिसम्बन्धी विभिन्न पुस्तकहरू खोज्न सहयोग पुऱ्याउनु हुने भाइ दिपेन तामाङ, दाइ पारसचन्द्र आलेप्रति आभार प्रकट गर्दछु। साथीभाइहरूमा सदीप प्रधान, योगेश पन्त, ज्ञानेन्द्र सुब्बा, भुपेन तामाङ, देवचन्द्र सुब्बा, विक्रम राई, निमा शेर्पा, विक्रम विश्वकर्मा, दुर्गा शर्मा, मुक्तिनाथ शर्मा, सपन प्रधान, दिपेश लामा, निरज थापा र दाइ सोनाम शेर्पाप्रति शोधसम्बन्धी विभिन्न सहयोगका निम्ति आभारी छु।

मेरा आमा-बाबाले पढाइ-लेखाइको क्रममा मलाई सानादेखि ठुलै भइञ्जेलसम्म अध्ययन गर्ने सुविधापूर्ण वातावरण बनाएर सदैव प्रेरणा प्रदान गरिरहनु भयो, उहाँहरूको आशीर्वाद, माया र प्रेरणा मेरो निम्ति ठुलो ऊर्जाका स्रोत हुन्। उहाँहरूको स्नेहले नै म आफ्नो कामको यात्रामा यतिसम्म आइपुग्न सकेको छु। मेरा भाइ बुहारी जयदेव थापा र जमुना थापाको मप्रतिको सद्भावना र माया पनि मेरा निम्ति प्रेरणादायी रहेको छ। भतिज चिरागलाई सस्नेह यहाँ सम्झेको छु। मेरा सासु-ससुरा तथा परिवारका सम्पूर्ण सदस्य-सदस्यावर्गको पनि प्रत्यक्ष-अप्रत्यक्ष रूपमा मलाई सहयोग प्राप्त भएको छ। सबैलाई यहाँ सम्झनामा राखेको छु।

अन्तमा मेरा हरेक कामकुरामा मलाई प्रीतिपूर्वक सल्लाह, सुझाउ र सहयोग पुऱ्याइरहने मेरी पत्नी कविता (शशी) राई अनि छोरा मिखामलाई मैले यहाँ प्रेमपूर्वक सम्झनामा राखेको कुरा प्रकट गर्दा म हर्षित छु।

**वासुदेव थापा**

नेपाली विभाग, कालिपद घोष तराई महाविद्यालय, बागडोगरा, दार्जिलिङ।